# सैनामैना नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बुद्धनगर, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

☎ +९७७-७१-४४०५५३

E-mail: sainamainamunicipality@gmail.com


प.सं.: 066/066

च. नं.: ४९१

मिति २०७६/०५/१३

श्री सम्पूर्ण विद्यालयहरु,

सैनामैना नगरपालिका, रुपन्देही ।

विषय:-जङ्क फूड निषेध गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.ब.२०७६/०७७ को बार्षिक नीति तथा कार्यकममा यस नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुमा जङ्क फूड निषेध गर्ने गरी नीति, कार्यकम प्रस्तुत भएको र यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने साथै विभिन्न विद्यालयहरुको अनुगमन तथा निरीक्षण गर्ने शिलसिलामा विद्यालयको हाता भित्रका खाजा पसलहरुले मानव स्वास्थ्यलाई हानी नोक्सानी पु-याउने जङ्क फूडहरु विकी वितरण गरेको पाईएको र विद्यालयका सवारी साधनहरु आवत जावत गर्दा विद्यार्थीहरुबाट पानीका वोतलहरु, फुटीका खालि बट्टा, चाउचाउ आदिका खोलहरु सड्कमा छिटफुट फाल्ने गरेको पाइएको हुंदा यस्ता कियाकलाप नगर्न, नगराउन सम्बन्धित क्यान्टिन सञ्चालक, विद्यार्थी लगायत सम्पूर्ण विषय शिक्षकहरुलाई जानकारी गराउनु हुन अनुरोध छ।

विद्यालयको हाताभित्र फोहरमैला हुंदा बालबालिकाहरुको स्वास्थ्यमा गम्भिर असर पर्ने भएकोले विद्यालय हातामा जङ्क फूड विकी वितरणमा निषेध गरिएको छ, र फोहरमैला व्यवस्थापन कार्यमा विद्यार्थी, शिक्षक समेत परिचालित भई स्वच्छ वातावरण निर्माणमा सबैको योगदान हुने विश्वास लिईएको छ ।सो कार्यलाइ प्रभावकारी बनाउन विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिले त्यसको नियमित अनुगमन गरी कार्यान्वयन गर्नु गराउनु हुन समेत जानकारी गराईन्छ ।

कृष्ण प्रसाद भण्डारी
प्रमुख प्रशासकीय अधिकृत